जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ६९ २०८३ साल असोज २३ गते शुक्रबार (9 Oct 2026 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**चट्याङको समयमा सर्तक रहौं**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

*यस अंक भित्र :* २ पृष्ठमा : लोकतन्त्रको अबको यात्रा.. ३ पृष्ठमा : निजीले सुपथ मूल्यको इन्टरनेट.. ३ पृष्ठमा : नोबेल शान्ति पुरस्कारमा...

# हामी निर्वाचनको आन्तरिक तयारीमै छौं : प्रमुख निर्वाचन आयुक्त कार्की

काठमाडौँ, २२ असोज (रासस) ।

प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले निर्वाचन आयोग स्थानीय तहको आगामी निर्वाचनको आन्तरिक तयारीमै रहेको बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति, राससको प्रतिनिधिमण्डसँग बिहीबार निर्वाचन आयोगमा भएको अनौपचारिक कुराकानीका क्रममा उहाँले भन्नुभयो, "हामी आगामी निर्वाचनको तयारीमै छौँ, त्यसो त आयोग सदैव निर्वाचनको तायरीमा रहन्छ नै । निर्वाचनको मिति सरकारले तोक्ने हो, यसरी तोकिएको मितिमा निष्पक्ष एवं विवादरहित ढङ्गबाट निर्वाचन सम्पन्न गर्ने दायित्व आयोगको हो, त्यसमा हामी प्रतिबद्ध छौँ ।"




स्थानीय तहको आगामी निर्वाचन फागुनमा नै गर्नेगरी सरकार अघि बढेको भन्ने समाचार पनि आएको छ नी भन्ने प्रश्नमा उहाँको भनाइ थियो, "मितिका बारेमा अहिले नै आयोगले भन्ने कुरा भएन । हाम्रो संवैधानिक प्रावधानअनुरुप आयोगसमेतको परामर्शमा सरकारले मिति घोषणा गर्ने हो । तर, लामो समयसम्म स्थानीय निकाय खाली राख्नुहुन्न भन्ने पक्षमा छौँ । त्यसैअनुसार हाम्रो तयारी पनि भइरहेको छ ।"

आगामी वैशाखमा स्थानीय तहको कार्यकाल सकिने भएकाले त्यसको वरपर रहनेगरी र संवैधानिक व्यवस्थाअनुसार नै निर्वाचन हुने उहाँको भनाइ थियो ।

स्थानीय तह र प्रदेशको निर्वाचन एकैसाथ गर्नेगरी आयोगले तयारी थालेको हो भन्ने प्रश्नमा उहाँको भनाइ थियो, "हाम्रो संवैधानिक संरचना र कानुनी प्रावधानअनुरुप नै निर्वाचन हुने हो । त्यसमा हाम्रो आवश्यकताको पनि कुरा छ । त्यसैले अहिले नै चुनाव एकैसाथ हुन्छ भनेर भन्न सकिँदैन । सरकारले मिति घोषणा गरेअनुसार नै हामीले काम गर्ने हो ।"

राससले विगतका निर्वाचनमा सकारात्मक एवं निर्वाचनमैत्री माहोल सिर्जना गर्न सशक्त एवं नेतृत्वदायी भूमिका निर्वाह गरेको भन्ने विषय जानकारीमा रहेको उल्लेख गर्नुहुँदै प्रमुख निर्वाचन आयुक्त कार्कीले आगामी दिनमा पनि रासससँग सहकार्य गर्न आयोग तयार रहेको स्पष्ट गर्नुभयो ।

त्यस अवसरमा आयोग र राससबीचको सम्बन्धसहित सहयोग, सहकार्यलगायत समसामयिक विषयमा कुराकानी भएको थियो । सो छलफलमा निर्वाचन आयुक्त सगुन शमशेर जबरा, गुरुप्रसाद वाग्ले पनि उपस्थित हुनुहन्थ्यो ।

त्यसैगरी, राससका महाप्रबन्धक सन्दीप राई, प्रधानसम्पादक उत्तम सिल्वाल, प्रमुख समाचारदाता एकराज पाठक, आलेख समाचार शाखा प्रमुख कृष्ण अधिकारी र निमित्त प्रशासन प्रमुख भरत केसीको उपस्थिति थियो ।

# सामुदायिक विद्यालयमा इन्टरनेट पहुँच ८५ प्रतिशतभन्दा बढी

काठमाडौँ, २२ असोज (रासस) ।

मुलुकभर सञ्चालित सामुदायिक विद्यालयमध्ये ८५ दशमलव ४ प्रतिशतमा इन्टरनेट सुविधा पुगेको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार सामुदायिक विद्यालयमध्ये ८५ दशमलव ४ प्रतिशतमा इन्टरनेट सुविधा पुगेको हो । यस्तै, २९ दशमलव ६ प्रतिशत सामुदायिक विद्यालयमा सूचना प्रविधि (आइटी तथा आइसिटी) प्रयोगशाला विस्तार भएको छ ।

विसं २०७७ देखि सञ्चालित 'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम' अन्तर्गत चार हजार छ सय आठ विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (आइसिटी ल्याब) निर्माण भएको मन्त्रालयले जनाएको छ । विद्यालयमा वैकल्पिक स्रोतबाट ६९ दशमलव ६ प्रतिशत विद्युत् पहुँच पुगेको छ । मुलुकभर धार्मिक प्रकृतिका विद्यालयसमेत गरी ३५ हजार नौ सय ५१ विद्यालय सञ्चालनमा छन् । तीमध्ये २७ हजार १० सामुदायिक विद्यालय छन् ।

विद्यालय पूर्वाधारतर्फ २०७२ को भूकम्पपछिको पुनर्निर्माणअन्तर्गत सात हजार छ सय ६७ विद्यालयको निर्माण सम्पन्न भएको छ भने थप १४ विद्यालय निर्माणाधीन छन् ।

पश्चिम नेपालमा भूकम्पबाट क्षतिग्रस्त विद्यालयमध्ये सरकार तथा विभिन्न विकास साझेदारको सहयोगमा दुई सय १६ विद्यालयको पुनर्निर्माण भइरहेका मन्त्रालयले जनाएको छ । दुई हजारभन्दा बढी विद्यार्थी भएका ३६ विद्यालयमा थप पूर्वाधार विकासअन्तर्गत १२ कोठे भवन निर्माण भइरहेका छन् ।

विशेषगरी देशको युवा जनशक्तिलाई स्वदेशमै अवसर र उद्यमका सम्भावना सिर्जना गर्नु साझा दायित्व भएको राष्ट्रपति पौडेलले बताउनुभयो । डिजिटल रूपान्तरण र विश्वव्यापी प्रतिस्पर्धाको वर्तमान युगमा महासङ्घले आफ्नो राष्ट्रिय सञ्जाललाई अन्तर्राष्ट्रिय आर्थिक सञ्जालसँग जोड्दै नेपाली उत्पादन, सेवा र उद्यमलाई विश्व बजारमा पुर्‍याउन थप नेतृत्वदायी भूमिका निर्वाह गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

# 'पत्रकारिता निष्पक्ष हुनुपर्छ, सामाजिक सद्भाव कायम गर्न लाग्नुपर्छ'




जनकपुरधाम, २२ असोज (रासस) ।

मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले निष्पक्षतालाई प्रवर्द्धन गर्दै सामाजिक सद्भाव कायम गर्न पत्रकारिता क्षेत्र प्रतिबद्ध हुनुपर्ने बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ धनुषाको १४औँ साधारणसभाको बिहीबार जनकपुरधाममा उद्घाटन गर्दै सभामुख यादवले पत्रकारिताको मर्यादा कायम राख्न सञ्चारकर्मीले अध्ययनशील भएर सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो । "पत्रकारिता पक्ष वा विपक्षमा नभई निष्पक्ष हुनुपर्छ," सभामुख यादवले भन्नुभयो, "तब मात्र पत्रकारिताप्रति समाजको विश्वास अझ बढ्छ ।"

सभामुख यादवले 'डिजिटल' माध्यमको विस्तारसँगै पत्रकारितामा नयाँ चुनौती थपिएको उल्लेख गर्दै व्यक्ति हितभन्दा सामाजिक हितलाई केन्द्रमा राखेर पत्रकारिता गर्न आग्रह गर्नुभयो । उहाँले सीमान्तकृत तथा पछाडि पारिएका समुदायका पक्षमा कलम चलाउन पत्रकारलाई आग्रह गर्नुभयो । उहाँले सङ्घीयता खर्चिलो भएको भन्ने भाष्य गलत रहेको उल्लेख गर्दै वित्तीय सङ्घीयता पूर्णरूपमा कार्यान्वयन हुन नसकेको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले महासङ्घ इतिहासकै कठिन अवस्थामा रहेको बताउनुभयो । संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित गरे पनि त्यसको संरक्षणका लागि पत्रकार एकजुट हुनुपर्ने उहाँले बताउनुभयो ।

राष्ट्रिय समाचार समिति (रासस)का पूर्वअध्यक्ष धर्मेन्द्र झाले डिजिटलाइजेसनका कारण पत्रकारिता क्षेत्रमा चुनौतीसँगै अवसर पनि थपिएको बताउनुभयो । पत्रकारलाई समयानुकूल बनाउँदै लैजानुपर्नेमा उहाँको जोड थियो ।

महासङ्घका महासचिव रामप्रसाद दाहालले सरकारले ल्याउन लागेको कतिपय कानुन प्रेस स्वतन्त्रतामाथि अङ्कुश लगाउने खालको रहेको बताउनुभयो ।

*बाँकी अन्तिम पृष्ठमा*

# शुभकामना आदान-प्रदान

**दैनिक समाचारदाता राजविराज, २२ असोज ।**

ब्रह्माकुमारी राजयोग राजविराजले वडा दशैं, तिहार तथा छठ पर्वको अवसरमा आफ्नो वरदानी भवनमा शुभकामना आदान-प्रदान कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रकाश महतो, भूमि प्रशासन अधिकृत किशोरकुमार रामलगायतले सहभागीलाई शुभकामना व्यक्त गर्दै सकारात्मक सोचले समाज र देशमा शान्ति, सुख र समृद्धि कायम गर्न योगदान पुग्ने बताए ।



ब्रह्माकुमारी राजविराजकी भगवती दिदीको अध्यक्षतमा आयोजित कार्यक्रममा नेपाल

*बाँकी अन्तिम पृष्ठमा*

**चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं**

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आजैबाट प्रयास थालौं

जाडो याममा खासगरी वृद्धवृद्धा, बालबालिका, दीर्घरोगी र गरीब विपन्न वर्गका व्यक्तिहरु अपेक्षाकृत बढी प्रभावित हुने गर्दछन् । अबको केही दिनपछी चिसो मौसमको आगमन हुँदैछ । तराई मधेशमा जाडो याममा लाग्ने गरेको हुस्सु र कुहिरोका कारण वर्षेनी कतिपयले ज्यान गुमाउनु परेको तथ्याङ्क समेत रहेको छ । यस्ता वर्गहरुका लागि चिसो बढ्नु अगावै नै चिसोबाट बच्ने उपायका लागि सम्बन्धित निकाय र पालिकाहरु सचेत हुन आवश्यक छ ।

दैवी प्रकोप उद्धार समितिले चिसो बढ्नु अगावै सप्तरीका १८ वटै पालिकाहरुसँग समन्वय गरी दाउरा, कम्बल आदिको व्यवस्थासँगै एम्बुलेन्सलाई तयारी अवस्थामा राख्नु पर्ने हुन्छ । गरीबी र अभावमा जीवन विताइरहेकाहरुको जीवन यस जाडोयाममा झन् कष्टकर हुने गर्दछ । उनीहरुको स्वास्थ्य रक्षा गर्नु सम्बन्धित निकाय र खासगरी पालिकाहरुको कर्त्तव्य हो । जाडो बढ्नु अगावै पालिकाहरुले यस्ता वर्गको जो जाडोबाट बढी प्रभावित हुने गर्दछन्, को तथ्याङ्क संकलन गनी उनीहरुलाई पुर्याउनु पर्ने सेवा तत्कालै पुऱ्याई चिसोको जोखिमलाई कम गर्न सकिन्छ ।

तसर्थ पालिकाहरुले सम्बन्धित सहयोगी हातहरुसँगको हातेमालोमा गरि जाडो बढ्नु अगावै गरीब, विपन्न र वृद्धवृद्धा सहितका वर्गलाई जोगाउन प्रयास थाल्नु आवश्यक रहेको छ ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# लोकतन्त्रको अबको यात्रा परिणाममुखी लोकतन्त्र

**डा दामोदर रेग्मी**

काठमाडौं, २२ असोज (रासस) ।

नेपालको लोकतान्त्रिक इतिहास केवल शासन परिवर्तनको कथा होइन, यो नेपाली जनताको स्वतन्त्रता, सम्मान, अधिकार र सुन्दर भविष्यको खोजीमा गरिएको निरन्तर यात्राको कथा हो । विसं २००७ को प्रजातान्त्रिक आन्दोलनदेखि २०४६ सालको जनआन्दोलन र २०६२/६३ को ऐतिहासिक जनआन्दोलनसम्म आइपुग्दा नेपाली जनताले पटकपटक इतिहासको दिशा परिवर्तन गरेका छन् । प्रत्येक आन्दोलनले एउटा नयाँ ढोका खोलेको छ, निरङ्कुशताबाट प्रजातन्त्रतर्फ, राजकीय सर्वोच्चताबाट जन सार्वभौमसत्तातर्फ, एकात्मक केन्द्रीकरणबाट सङ्घीयतातर्फ र सीमित अधिकारबाट व्यापक नागरिक अधिकारतर्फ । आज हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेका छौं तर इतिहासको एउटा सुन्दर उपलब्धि प्राप्त गरिसकेपछि अर्को प्रश्न जन्मिन्छ-के लोकतन्त्रले जनताको जीवनमा आफूले वाचा गरेजति परिवर्तन ल्याउन सकेको छ ? तर यो प्रश्न अब अनुत्तरित रहिरहनु हुँदैन ।

लोकतन्त्रको वास्तविक परीक्षा हाम्रा प्रक्रियामाभन्दा नागरिकको घरदैलोमा हुन्छ । संविधानका पानामा अधिकार लेखिनु महत्वपूर्ण उपलब्धि हो तर ती अधिकारको अनुभूति नागरिकले आफ्नो दैनिक जीवनमा गर्न सकेन भने लोकतन्त्र अधुरो रहन्छ । जब एउटा सामान्य नागरिकले सरकारी सेवा लिन पहुँच वा चिनजान खोज्नु पर्दैन, युवाले भविष्य निर्माणका लागि विदेसिनैपर्छ भन्ने बाध्यता हुँदैन, किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउँछन्, उद्यमीले निष्पक्ष वातावरणमा व्यवसाय गर्न सक्छन्, कमजोर वर्गले राज्य आफूहरूसँग छ भन्ने अनुभूति गर्छन्-त्यतिबेला मात्र लोकतन्त्रले वास्तविक जीवन्तताको अर्थ पाउँछ ।

यसो भन्दै गर्दा नेपालको लोकतान्त्रिक यात्राले धेरै उपलब्धि दिएको छ भन्नेबारे कदापी भुल्नु हुँदैन । यस अवधिमा राजनीतिक अधिकार विस्तार भएका छन् । मौलिक अधिकार संस्थागत भएका छन् । समावेशिता, सामाजिक न्याय, समानता, लैङ्गिक सहभागिता र पिछडिएका वर्ग तथा समुदायका अधिकार शासनको मूल बहसमा आएका छन् । विकास निर्माणले गति लिएको छ । सडक, सञ्चार, शिक्षा, स्वास्थ्य, विद्युत् र प्रविधिको पहुँच विगतको तुलनामा व्यापक बनेको छ । सङ्घीय संरचनाले राज्यलाई नागरिकको अझ नजिक पुऱ्याउने सम्भावनाको ढोका खोलेको छ तर उपलब्धिको सूची लामो हुँदैमा नागरिक सन्तुष्ट हुन्छन् भन्ने छैन । नागरिकले किताबी उपलब्धि गन्नुभन्दा आफ्नो जीवनमा आएको परिवर्तन महसुस गर्न चाहन्छन् ।

यसै विन्दुबाट हाम्रो लोकतान्त्रिक यात्राको अर्को चुनौती सुरु हुन्छ, राजनीतिक परिवर्तनलाई लोकतान्त्रिक संस्कारमा रूपान्तरण गर्ने चुनौती । विगतमा आन्दोलनका दिनमा देखिएको त्याग, साहस, आदर्श र एकता शासन सञ्चालनका क्रममा पनि कायम रहनुपर्छ तर हामी कतिपय अवस्थामा यस परीक्षामा कमजोर देखिएका छौं । व्यवस्था परिवर्तन गर्न हामीले ठूलो मूल्य चुकायौं तर व्यवहार परिवर्तन गर्न त्यति नै गम्भीर हुन सकेनौं । संस्था निर्माण गऱ्यौं तर संस्थागत संस्कार निर्माण गर्न सकेनौं । अधिकारको भाषा सिक्यौं तर उत्तरदायित्वको भाषा त्यति बलियो बनाउन सकेनौं । लोकतन्त्रको नाम लियौं तर लोकतान्त्रिक आचरणलाई जीवनशैली बनाउन अझै बाँकी छ ।

लोकतन्त्रको आत्मा नैतिकता हो । सार्वजनिक पद कुनै व्यक्तिगत सुविधा वा प्रभाव विस्तार गर्ने माध्यम होइन यो जनताले दिएको विश्वासको जिम्मेवारी हो । जब सार्वजनिक जीवनमा सदाचार कमजोर हुन्छ, स्वार्थ हावी हुन्छ, निर्णय प्रक्रियामा पारदर्शिता हराउँछ र भ्रष्टाचारप्रति सहनशीलता बढ्छ तब क्षति केवल राज्यकोषलाई मात्र हुँदैन त्यतिबेला नागरिकको विश्वासमा चोट पुग्छ, नैराश्यता चुलिँदै जान्छ । यसरी राज्यप्रतिको विश्वास कमजोर हुनु लोकतन्त्रका लागि सबैभन्दा गम्भीर सङ्कट हो । त्यसैले भ्रष्टाचार नियन्त्रण केवल कानुनी कारबाहीको विषय मात्र होइन । यो राजनीतिक इच्छाशक्ति, प्रशासनिक सदाचारिता र सामाजिक संस्कारको प्रश्न पनि हो ।

सेवा प्रवाह लोकतन्त्रको सबैभन्दा प्रत्यक्ष अनुहार हो । नागरिकले सरकारलाई भाषणबाट होइन, सेवा केन्द्रबाट चिन्छ, अस्पताल, विद्यालय, वडा कार्यालय, मालपोत, यातायात, सामाजिक सुरक्षा र अन्य सार्वजनिक सेवाको सहजताबाट अनुभव गर्छ । सेवा प्राप्त गर्न सजिलो छ कि कठिन, कर्मचारीले सम्मानपूर्वक व्यवहार गर्छन् कि गर्दैनन्, निर्णय समयमा हुन्छ कि हुँदैन, प्रक्रिया पारदर्शी छ कि छैन यिनै प्रश्नले नागरिकको मनमा सरकारको चित्र बन्ने गर्दछ । त्यसैले सुशासनको पहिलो प्रयोगशाला नागरिकको घरदैलो हो,सेवा प्राप्ति पछिको सेवाग्राहीको अनुहार हो ।

यही सन्दर्भमा २०८२ भदौको जेनजी आन्दोलनलाई गम्भीरतापूर्वक बुझ्नु आवश्यक छ । यसलाई केबल एउटा राजनीतिक घटना वा तत्कालीन असन्तुष्टिको विस्फोटका रूपमा मात्र हेर्नु उचित हुँदैन । यसमा नयाँ पुस्ताको आकाङ्क्षा, अवसरको खोजी, पारदर्शिताको माग, सुशासनप्रतिको आग्रह र पुरानो राजनीतिक संस्कारप्रतिको असन्तुष्टि पनि प्रतिविम्बित भएको देखिन्छ । आजको युवा प्रश्न गर्छन् इतिहासमा धेरै आन्दोलन भए, शासन व्यवस्था धेरैपटक फेरियो, तर हाम्रो जीवनमा परिवर्तनको गति किन सुस्त छ, मैले अवसरका लागि आफ्नो घर, गाउँ र देश किन छोड्नुपर्छ, राज्यसँग मेरो भविष्यको सम्बन्ध के हो ।

यी प्रश्नहरुलाई असन्तोषको आवाज भनेर दबाउने होइन वा न्यून महत्व दिने होइन, लोकतन्त्रलाई अझ परिपक्व बनाउने अवसरका रूपमा ग्रहण गर्नुपर्छ । नयाँ पुस्तालाई उपदेशभन्दा अवसर चाहिएको छ । भाषणभन्दा परिणाम चाहिएको छ । आश्वासनभन्दा विश्वास चाहिएको छ । प्रतिस्पर्धाका लागि अवसर चाहिएको छ । योग्यता प्रणालीको कदर चाहिएको छ । पुरानो शैलीको असान्दर्भिक प्रवृत्तिको निरन्तरताभन्दा उत्तरदायी शासन चाहिएको छ । त्यसैले युवाको आवाजलाई सुन्नु आजको लोकतान्त्रिक नेतृत्वको पहिलो परीक्षा हो ।

यस परिवर्तनका केन्द्रमा दुई प्रमुख शासकीय पात्र छन्, निर्वाचित राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्र । राजनीतिक नेतृत्वले जनादेशलाई व्यक्तिगत वा दलगत स्वार्थभन्दा माथि उठाएर सार्वजनिक हितमा प्रयोग गर्नुपर्छ । नीति निर्माणमा दूरदृष्टि, तथ्यमा आधारित निर्णय, पारदर्शिता र दीर्घकालीन राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्छ । प्रशासनले राजनीतिक तटस्थता, व्यावसायिकता, दक्षता, सदाचार र नागरिकमैत्री व्यवहारको प्रतिबद्धतालाई आफ्नो आधार बनाउनुपर्छ । राजनीतिक नेतृत्वले प्रशासनलाई अनावश्यक हस्तक्षेपबाट मुक्त गर्नुपर्छ र प्रशासनले पनि आफ्नो व्यावसायिक जिम्मेवारीबाट पन्छिनु हुँदैन । राजनीति र प्रशासनबीचको स्वस्थ सम्बन्ध नै प्रभावकारी शासनको आधार हो ।

सङ्घीयता हाम्रो लागि अर्को महत्वपूर्ण अवसर हो । सङ्घीयता केबल अधिकारको तहगत बाँडफाँट मात्र होइन, यो नागरिकलाई राज्यसँग नजिक ल्याउने सजिलो माध्यम पनि हो । सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकारको प्रतिस्पर्धाभन्दा सहकार्यको संस्कृति विकास गर्न आवश्यक छ । सङ्घले राष्ट्रिय नीति, मापदण्ड र समन्वयमा नेतृत्व लिनुपर्छ । प्रदेशले क्षेत्रीय विकास, समन्वय र सेवा व्यवस्थापनमा आफ्नो विशिष्ट भूमिका देखाउनुपर्छ । स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले जनसेवा, स्थानीय विकास र नागरिक सहभागिताको उत्कृष्ट नमुना बन्नुपर्छ । तीनै तहले आफूलाई अलगअलग शक्ति केन्द्रका रूपमा होइन, एउटै राज्य प्रणालीका पुरक अङ्गका रूपमा बुझ्न सके सङ्घीयताको सार अझ बलियो हुनेछ ।

तर सरकार मात्र परिवर्तनको वाहक होइन । निजी क्षेत्र आर्थिक रूपान्तरणको महत्वपूर्ण इन्जिन हो । रोजगारी, उत्पादन, उद्यमशीलता, प्रविधि र नवप्रवर्तनको विस्तारबिना लोकतन्त्रको सामाजिक आधार बलियो हुन सक्दैन । त्यसैले निजी क्षेत्रलाई शङ्काको दृष्टिले हेर्ने होइन, पारदर्शी नियमन र जिम्मेवार साझेदारीका माध्यमबाट विकासको सहयात्री बनाउनु आवश्यक छ । नाफा र सामाजिक उत्तरदायित्वबीच सन्तुलन कायम गर्दै जिम्मेवार व्यवसाय संस्कार विकास गर्नुपर्छ ।

नागरिक समाज, गैरसरकारी संस्था, विकास साझेदार र सञ्चार क्षेत्रको भूमिका पनि कम महत्वपूर्ण छैन । नागरिक समाज लोकतन्त्रको पहरेदार मात्र होइन, नीति संवाद र सामाजिक नवप्रवर्तनको साझेदार बन्नुपर्छ । गैरसरकारी संस्थाले परियोजनाको सङ्ख्या र चिल्ला कागजमा देखिने प्रगति होइन, परिणाम र संस्थागत क्षमतालाई आफ्नो सफलताको मापदण्ड बनाउनुपर्छ । विकास साझेदारहरूले बाह्य सहयोगलाई राष्ट्रिय प्राथमिकता र स्थानीय स्वामित्वसँग जोड्नुपर्छ । सञ्चारमाध्यमले लोकतन्त्रको चौथो अङ्गका रूपमा प्रश्न गर्ने मात्र होइन, सत्यको खोजी, तथ्यको प्रस्तुति र रचनात्मक सार्वजनिक बहसको वातावरण निर्माण गर्नुपर्छ ।

शिक्षालयको भूमिका अझ गहिरो छ । विश्वविद्यालय र विद्यालयले केबल प्रमाणपत्र बाँड्ने होइन, विवेक, चरित्र, सिर्जनशीलता र नागरिक चेतना निर्माण गर्नुपर्छ । हामीले युवालाई विदेश जाने प्रमाणपत्र दिने होइन, देशमै अवसर खोज्ने र सिर्जना गर्ने क्षमता पनि दिनुपर्छ । अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता र ज्ञानमा आधारित अर्थतन्त्रको विकासबिना नेपालले आफ्ना सम्भावनालाई समृद्धिमा बदल्न सक्दैन ।

वास्तवमा नेपालमा सम्भावनाको कमी छैन, कमी छ त त्यसलाई व्यवस्थित रूपमा परिचालन गर्ने संस्थागत क्षमता, नीति निरन्तरता र कार्यान्वयनको दृढतामा । जलस्रोत, पर्यटन, कृषि, जैविक विविधता, सूचना प्रविधि, मानव पुँजी र उद्यमशील युवा हाम्रा शक्तिहरु हुन् हाम्रा तुलनात्मक लाभका क्षेत्रहरु हुन् । समस्या स्रोतको अभाव मात्र होइन, स्रोतको उचित व्यवस्थापन र सार्वजनिक संस्थाको प्रभावकारिताको पनि हो । त्यसैले अब हामीले नेपालमा केही हुँदैन भन्ने निराशाको मनोविज्ञानबाट बाहिर निस्केर नेपालमा के गर्न सकिन्छ भन्ने सम्भावनाको मनोविज्ञान निर्माण गर्नुपर्छ ।

यसका लागि लोकतन्त्रलाई निर्वाचनको चक्रबाट परिणामको चक्रमा लैजानै पर्दछ । पाँच वर्षमा एकपटक मत माग्ने लोकतन्त्रको अपरिहार्य पक्ष त हो तर नागरिकले पाँच वर्षमा एकपटक दिएको मतले प्रत्येक दिन राज्यको सबल उपस्थितिमा लोकतन्त्रको अनुभूति गर्न पाउनुपर्छ ।

लोकतन्त्रको सफलता सरकार कति लामो समय टिक्यो भन्नेमा मात्र होइन, नागरिकको जीवन कति सहज भयो भन्नेमासमेत मापन हुनुपर्छ । कति बजेट खर्च भयो भन्नेभन्दा त्यसले कति जीवन बदल्यो भन्ने महत्वपूर्ण हो । कति कानुन बने भन्नेभन्दा तिनले कति न्याय र अवसर सिर्जना गरे भन्ने महत्वपूर्ण हो ।

आज नेपाललाई निराशाको कथाको पुनरावृत्ति होइन, सम्भावनाको व्यावहारिक सुखद् सपनाको आवश्यकता छ । हामीले विगतका आन्दोलनलाई केबल स्मृतिमा राखेर पुग्दैन तिनका आदर्शलाई वर्तमानको शासन संस्कारमा उतार्नुपर्छ । विसं २००७ ले स्वतन्त्रताको सपना देखायो, २०४६ सालले बहुदलीय लोकतन्त्रलाई पुनःस्थापित गऱ्यो, २०६२/६३ ले लोकतान्त्रिक गणतन्त्रको बाटो खोल्यो । विसं २०८२ भदौको जेनजी विद्रोहले युवापुस्तालई आशावादी बनायो । यस परिवेशमा अबको जिम्मेवारी लोकतन्त्रलाई जनताको मनमा स्थापित गर्नु हो । यस यात्रामा सबैभन्दा ठूलो प्रश्न सरकार कसको बन्यो भन्ने होइन, सरकार कस्तो बन्यो भन्ने हो । प्रश्न कुन दल सत्तामा छ भन्ने मात्र होइन, त्यो सत्ताले जनताको जीवनमा के कति परिवर्तन ल्यायो भन्ने हो । प्रश्न राज्य कति शक्तिशाली छ भन्ने मात्र होइन, नागरिक कति सुरक्षित, सम्मानित र सक्षम छन् भन्ने हो ।

नेपालको सुखद भविष्यका

*बाँकी तीन पृष्ठमा*

# निजीले सुपथ मूल्यको इन्टरनेट प्याकेज बन्द गर्दा नेपाल टेलिकमले के गर्दैछ ?

**अशोक घिमिरे**

काठमाडौँ, २२ असोज (रासस)।

सुपथ मूल्य र कम स्पिडका प्याकेज बिक्री नगर्ने इन्टरनेट सेवा प्रदायक सङ्घ नेपालको निर्णयसँगै नेपाली उपभोक्तामाझ अहिले इन्टरनेट शुल्क महँगो पर्ने हो कि भन्ने बारेमा बहस भइरहेको छ। सङ्घले गत सोमबारदेखि सस्ता इन्टरनेट प्याकेज उपलब्ध गराउन असमर्थ रहेको जनाएको छ।

मध्यपूर्वको तनावपछि चुलिएको इन्धनको मूल्य, फाइबरको मूल्यवृद्धि, अत्यधिक मुद्रास्फीतिको अवस्था र एआईको तीव्र वृद्धिका कारण इलेक्टोनिक चिपसेटको मूल्य बढेको र यसबाट सेवा प्रदायकको सञ्चालन खर्चसमेत उठ्न नसकेको भन्दै सङ्घले सुपथ मूल्यका प्याकेज बन्द गर्ने निर्णय गरेको थियो।

सङ्घको निर्णयसँगै निजी इन्टरनेट सेवा प्रदायकले सस्ता प्याकेजको बिक्री बन्द भएको घोषणा गरेका छन्। इन्टरनेट दैनिक जनजीवनको हिस्सा बनिरहँदा एक्कासि सुपथ मूल्यका प्याकेज बन्द हुँदा न्यून वर्ग इन्टरनेटको सुविधाबाट वञ्चित हुनुपर्ने हो कि भन्ने आशङ्का बढेको छ।

यही सन्दर्भमा हामीले सरकारी स्वामित्वको नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम)का प्रवक्ता डा कमल लामिछानेलाई के टेलिकमले पनि सुपथ मूल्यका साना प्याकेज बन्द गर्दैछ भनेर प्रश्न सोधेका छौँ। राससको जिज्ञासामा उहाँले भन्नुभयो, "टेलिकमले ग्राहकलाई जुन प्याकेज बिक्री गरिरहेको छ, त्यो निरन्तररूपमा चल्छ। अहिले मूल्य बढाउने सोच छैन, टेलिकमले ग्राहकलाई उपलब्ध गराएको प्याकेज निकै सर्वसुलभ दरको छ।"

अन्य सेवा प्रदायकको तुलनामा टेलिकमले सुपथ मूल्यमा वार्षिक र दुई वर्षको इन्टरनेट प्याकेज बिक्री गरिरहेको उहाँको दाबी छ। टेलिकमको फाइबर इन्टरनेट प्याकेज खरिद गर्दा ग्राहकले मोबाइलमा दैनिक ६०० एमबीदेखि एक हजार एमबीसम्म डाटा निःशुल्क पाउँदै आएको कम्पनीले जनाएको छ। एक महिने र तीन महिने प्याकेजहरू पनि सञ्चालनमा रहेका छन्। कम्पनीले हाल उपलब्ध गराइरहेका फाइबर इन्टरनेट प्याकेजको विस्तृत विवरण वेवसाइट https://www.ntc.net.np/tariff/ftth-tariff मा हेर्न सकिनेछ।

"अहिले उपभोक्तालाई इन्टरनेट ब्यान्डविथ जे-जति दिएछौँ, त्योभन्दा बढी नै पाउनुहुन्छ, त्योभन्दा कम हुँदैन। बिलिङको पाटो पनि पारदर्शी छ", प्रवक्ता लामिछानेले भन्नुभयो। अझ दुई वर्षको प्याकेज एकैचोटी खरिद गर्दा एक वर्षको प्याकेजमा पाउने सुविधामा झन्डै १५ प्रतिशत सुहलियत उपलब्ध गराइएको टेलिकमको दाबी छ।

अहिले टेलिकमले घरायसी ग्राहकलाई एक वर्षका लागि ५० एमबिपिएसको इन्टरनेट रु आठ हजार ४९९ मा उपलब्ध गराउँदै आएको छ। दुई वर्षको सेवा एकैपटक लिँदा उक्त ग्राहकले जम्मा रु १४ हजार ९९९ मात्र तिर्नुपर्छ। एकैपटक वार्षिक शुल्क भुक्तानी गर्दा दैनिक ६०० एमबी मोबाइल डाटा निःशुल्क पाउने कम्पनीले जनाएको छ।

टेलिकमले ७५ एमबिपिएसको इन्टरनेटका लागि वार्षिक १० हजार ४९९, १०० एमबिपिएसका लागि ११ हजार ४९९, एक सय ५० एमबिपिएसका लागि १२ हजार ९९९ र २०० एमबिपिएसका लागि १६ हजार ४९९ शुल्क तोकेको छ। गत साउन मसान्तसम्म टेलिकमको फाइबर इन्टरनेट जोड्ने ग्राहकको सङ्ख्या चार लाख दुई हजार ११० पुगेको छ।

इन्टरनेट जडान र मर्मतसम्भारलाई थप व्यवस्थित बनाइएको टेलिकमले जनाएको छ। "इन्टरनेट जडान गर्न चाहने ग्राहकले कार्यालयमा आउनुपर्ने छैन, सिधैँ १९८ मा फोन गरेर 'डिमाण्ड' लिन सक्नुहुन्छ", प्रवक्ता लामिछानेले भन्नुभयो, "उपभोक्तालाई चुस्त सेवा दिन सार्वजनिक बिदा तथा चाडपर्वमा पनि काउन्टर खुला राखेका छौँ।" हाल टेलिकमको फाइबर सेवा ७७ जिल्लाका झन्डै ४०० पालिका र पालिकाका केन्द्रमा पुगेको छ। यो सेवा विस्तार भइरहेको कम्पनीले जनाएको छ।

"राष्ट्रिय आवश्यकताको हिसाबले लाभ र लागत नहेरी दुर्गम र अतिदुर्गम स्थानमा सेवा विस्तार गरिरहेका छौँ", प्रवक्ता लामिछानेले भन्नुभयो, "फाइबर इन्टरनेट नपुगेको स्थानमा 'ब्रोडव्याण्ड इन्टरनेट' सेवा उपलब्ध गराइरहेका छौँ।" फाइबर इन्टरनेटसँगै मोबाइल डेटा र विभिन्न छुट हिसाब गर्दा उपभोक्तालाई इन्टरनेटको लगानी अत्यन्त न्यून पर्न जाने कम्पनीको दाबी छ।

टेलिकमको फाइबरबाट एकैपटकमा उच्च गतिको इन्टरनेटका साथै रोजेको च्यानलसहितको टेलिभिजन हेर्न, टेलिफोन सेवा प्रयोग गर्न र मोबाइल डाटा समेत चलाउन सकिन्छ। एउटै तारबाट आवश्यकता अनुसार चारवटा सुविधा चलाउन सकिने भएकाले नेपाल टेलिकमले यसलाई 'थ्री प्लस वान' नामाकरण गरेको छ।

**अब टेलिभिजन हेर्न 'भर्चुअल सेट-टप बक्स'**

टेलिकमले एनटी फाइबरमार्फत उपलब्ध गराइरहेको टेलिभिजन सेवा एनटीटिभीअन्तर्गत स्मार्ट टिभी प्रयोगकर्ताले 'सेट टप बक्स'बिना नै सेवा प्रयोग गर्न सक्ने सुविधा ल्याएको छ। कम्पनीले यही असोज १५ देखि हाललाई एन्ड्रोइड टिभीका लागि भर्चुअल सेट-टप बक्स उपलब्ध गराएको छ।

ग्राहकहरूले आफ्नो एन्ड्रोइडमा आधारित स्मार्ट टिभीमा यो भर्चुअल सेट-टप बक्स प्रयोग गर्नसक्ने टेलिकमले जनाएको छ। ग्राहकहरूले गुगल प्लेस्टोरमा 'स्मार्ट एनटीटिभी' सर्च गरेर इन्स्टल गरी भर्चुअल सेट-टप बक्स प्रयोग गर्न सक्नेछन्।

आगामी दिनमा सबै स्मार्ट टिभीमा प्रयोग गर्न मिल्ने भर्चुअल सेट-टप बक्स सञ्चालनमा ल्याउने तयारी भइरहेको टेलिकमका प्रवक्ता लामिछानेले जानकारी दिनुभयो। उक्त सेवा थप ग्राहकमैत्री हुने गरी विकास गरिएको छ।

नयाँ प्याकेज खरिद गर्दा ग्राहकले भर्चुअल सेट-टप बक्ससहितको प्याकेज लिएमा रु एक हजार छुट हुने व्यवस्था गरिएको छ। टेलिकमले एनटी फाइबरमार्फत एउटै तारबाट टेलिफोन, तीव्र गतिको इन्टरनेट र टेलिभिजन सेवा प्रदान गर्दै आएको छ। भर्चुअल सेट-टप बक्ससहितको टेलिभिजन प्रयोग गर्न कम्पनीले विभिन्न प्याकेज उपलब्ध गराएको छ। वार्षिक र दुई वर्षे प्याकेजमा मोबाइल डाटा सुविधासमेत उपलब्ध छ।

***लोकतन्त्रको ...***

सर्जक हामी सबै हौं। यो हाम्रो सामूहिक कर्मले लेखिने साझा पाना हो। राजनीतिक नेतृत्व भविष्य द्रस्टा बन्न सक्यो, सार्वजनिक प्रशासनले व्यावसायिकता रोज्न सक्यो, निजी क्षेत्रले जिम्मेवारी अँगाल्न सक्यो, नागरिक समाजले रचनात्मक निगरानी गर्‍यो, शिक्षालयले ज्ञान र चरित्र निर्माण रोज्यो र नागरिकले अधिकारसँगै कर्तव्यलाई आत्मसात् गर्‍यो भने लोकतन्त्र केवल असल शासन प्रणाली मात्र रहने छैन यो जीवन पद्दति बन्नेछ। हामीले धेरैपटक व्यवस्था परिवर्तन गर्‍याैं। अब व्यवहार र अवस्था परिवर्तन गर्ने समय हो। धेरैपटक नयाँ सुरुआतको घोषणा गर्‍याैं। अब त्यसलाई परिणाममा बदल्ने समय हो। आफैँले गरेका धेरै आन्दोलनबाट हामीलाई अधिकार दिलायौं। अब सुशासन, समृद्धि, न्याय र समान अवसरका माध्यमबाट ती अधिकारलाई जीवन्त बनाउने समय हो। किनकी लोकतन्त्रको अन्तिम अर्थ यही हो जनताले राज्यलाई आफ्नो ठान्नु, राज्यले जनतालाई केन्द्रमा राखोस् र प्रत्येक नेपालीले आफ्नै देशमा आफ्नो भविष्य देख्न सकोस्। यही विश्वास पुनर्जागृत गर्न सकियो भने नेपालको लोकतान्त्रिक यात्रा केवल इतिहासको गौरवमात्र बन्ने छैन भविष्यको आशाको आधार पनि बन्नेछ। *(नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)*

# बलिउड अभिनेता नाना पाटेकरको निधन



पणजी (भारत), २२ असोज (रासस/एएनआई)।

हिन्दी तथा मराठी चलचित्रका चर्चित अभिनेता नाना पाटेकरको बिहीबार बिहान हृदयाघातपछि निधन भएको मणिपाल अस्पतालका चिकित्सकले बताएका छन्।

मणिपाल अस्पतालको ओन्कोलोजी विभागका प्रमुख डा शेखर साल्करका अनुसार बिहान निवासमा अस्वस्थ भएपछि पाटेकरलाई अस्पताल ल्याइएको थियो। अस्पताल पुर्‍याउँदा उहाँको अवस्था गम्भीर भइसकेको थियो। चिकित्सकको टोलीले करिब ४५ मिनेटदेखि एक घण्टासम्म उहाँलाई पुनर्जीवित गर्ने प्रयास गरे पनि बचाउन नसकिएको डा साल्करले बताउनुभयो।

उहाँका अनुसार पाटेकरले बिहान करिब २:३० बजे आफूलाई असहज भइरहेको भन्दै एक साथीलाई सन्देश पठाउनुभएको थियो। रातको समय भएकाले साथीले तत्काल सन्देश देख्नुभएन। त्यसपछि उहाँले पाटेकरलाई फोन गर्नुभयो र बिहान करिब ४ बजे उहाँको निवासमा पुग्नुभयो। त्यतिबेला पाटेकरलाई अत्यधिक पसिना आएको र उहाँ बिस्तारै बेहोस हुँदै जानुभएको थियो।

अस्पतालको आपत्कालीन टोलीले निवासमै पुगेर उहाँलाई सिपिआर दिएको थियो। त्यसपछि बिहान करिब ४:२० देखि ४:३० बजेको बीचमा अस्पताल ल्याइएको थियो। "उहाँ पूर्ण रूपमा अनुत्तरदायी अवस्थामा हुनुहुन्थ्यो। अस्पताल ल्याएपछि पनि हामीले सक्दो प्रयास गर्‍यौँ, तर उहाँलाई मृत अवस्थामा ल्याइएको थियो", डा साल्करले भन्नुभयो।

पाटेकरको निधनपछि मेडिको-कानूनी प्रक्रिया अघि बढाइएको र शव पोस्टमार्टमका लागि गोवा मेडिकल कलेजमा लगिएको चिकित्सकले बताउनुभयो। उहाँका परिवारका सदस्य त्यतिबेला उपस्थित नभए पनि साथी र हेरचाहकर्ता भने साथमा रहेको जनाइएको छ।

पाटेकरले सन् १९७८ मा 'गमन' चलचित्रबाट अभिनय यात्रा सुरु गर्नुभएको थियो। उहाँले 'परिन्दा', 'प्रहार', 'क्रान्तिवीर', 'तिरङ्गा', 'खामोशी' र 'अब तक छप्पन' लगायतका चलचित्रमा अभिनय गर्नुभएको थियो। पछिल्ला वर्षमा पनि उहाँ चलचित्र क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो र 'हाउसफुल ५', विशाल भारद्वाजको 'ओ' रोमियो' तथा 'सुवेदार' मा अभिनय गर्नुभएको थियो।

## विश्व समाचार

### नोबेल शान्ति पुरस्कारमा ट्रम्पको दाबी

वासिङ्टन, २२ असोज (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२६ को नोबेल शान्ति पुरस्कारका लागि आफू योग्य रहेको दाबी गर्दै आफूले दोस्रो कार्यकाल सुरु गरेयता आठवटा द्वन्द्व समाधान गरेको बताउनुभएको छ।

बुधबार ओभल अफिसमा पत्रकारसँग कुरा गर्दै ट्रम्पले पुरस्कारको घोषणा शुक्रबार हुने उल्लेख गर्दै "यो समयको कुरा हो" भन्नुभयो। आफूले पुरस्कार पाए पनि नपाए पनि शान्तिका लागि अरूभन्दा बढी काम गरेको उहाँको दाबी थियो।

"मैले अरू कसैले नगरेको काम गरेको छु। मैले घमण्ड गरिरहेको छैन, म तपाईंहरूलाई तथ्य मात्र बताउँदैछु। मैले आठवटा युद्ध समाधान गरेँ", उहाँले भन्नुभयो।

ट्रम्पले नोबेल समितिले आफूजस्ता व्यक्तिलाई पुरस्कार नदिने प्रतिष्ठा बनाएको टिप्पणी गर्दै आफूलाई पुरस्कार नदिइए पनि त्यसले आफूले गरेका कामको महत्त्व कम नहुने बताउनुभयो। उहाँले सन् २००९ मा तत्कालीन राष्ट्रपति बाराक ओबामालाई नोबेल शान्ति पुरस्कार दिइएको विषयमा समेत प्रश्न उठाउनुभयो।

ट्रम्पले गत वर्ष नोबेल शान्ति पुरस्कार पाउनुभएकी भेनेजुएलाकी विपक्षी नेता मारिया कोरिना मचाडोसँगको भेटको पनि उल्लेख गर्दै उहाँले आफ्नो पदक आफूलाई दिएको दाबी गर्नुभयो।

ट्रम्प प्रशासनले आर्थिक दबाब, व्यापार रणनीति र महसुलमार्फत विभिन्न देशलाई कूटनीतिक वार्तामा ल्याउन सफल भएको दाबी गर्दै आएको छ। तर डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो तथा कम्बोडिया-थाइल्यान्ड सीमा क्षेत्रमा पुनः द्वन्द्व देखिएको र युक्रेनमा स्थायी शान्ति कायम हुन नसकेको भन्दै उहाँको दाबीमाथि प्रश्न उठाइएको छ। मध्यपूर्वमा इरानसँग सम्बन्धित निरन्तर तनावले पनि उहाँको शान्ति प्रयासलाई चुनौती दिएको छ।

नोबेल शान्ति पुरस्कार नर्वेको ओस्लोस्थित नर्वेजियन नोबेल समितिले स्वतन्त्र रूपमा प्रदान गर्छ। सन् २०२६ का सम्भावित दावेदारमा पोप लियो, अन्तर्राष्ट्रिय फौजदारी अदालत र प्यालेस्टिनी क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घका विशेष प्रतिवेदकलगायतका नाम चर्चामा छन्।

### भारतमा निर्वाचन आयोगविरुद्ध प्रदर्शन

नयाँदिल्ली, २२ असोज (रासस/एएफपी)।

भारतमा मतदाता सूचीको विशेष गहन पुनरवलोकनका क्रममा लाखौँ नाम हटाइएको विषयलाई लिएर निर्वाचन आयोगमाथि दबाब बढेको छ। 'इन्डियन एक्सप्रेस' को अनुसन्धानात्मक समाचारले मतदाता सूची संशोधनका महत्त्वपूर्ण निर्णयहरू तीन निर्वाचन आयुक्तमध्ये दुई जनाको स्वीकृतिबिनै गरिएको आरोप लगाएपछि आयोग र प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारविरुद्ध विरोध चर्किएको हो।

भारतीय निर्वाचन आयोगले भने आरोप अस्वीकार गर्दै आफ्ना सबै निर्णय सर्वसम्मत र कानूनसम्मत रहेको जनाएको छ। विपक्षी दलहरूले भने सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी वैध मतदाताको नाम हटाइएको आरोप लगाएका छन्। आयोगका प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गर्दै प्रदर्शन भइरहेका छन् भने शनिबार नयाँदिल्लीमा ठूलो प्रदर्शनको तयारी गरिएको छ।

सन् २०२५ मा विशेष गहन पुनरवलोकन (एसआइआर) सुरु भएयता आयोगमा आन्तरिक मतभेद रहेको 'इन्डियन एक्सप्रेस' ले जनाएको छ। आयोगका तीनमध्ये दुई आयुक्तले पछिल्लो १० महिनामा एसआइआरका प्रमुख निर्णयमाथि एक दर्जनभन्दा बढी पटक औपचारिक आपत्ति जनाएएको समाचारमा उल्लेख छ।

आयोगले गलत विवरणमा दर्ता भएका मतदाताको पहिचान गर्नु र 'विदेशी अवैध आप्रवासी' लाई मतदानबाट रोक्नु एसआइआरको उद्देश्य रहेको बताएको छ। आलोचकहरूले भने यसबाट सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदाय प्रभावित हुने बताएका छन्।

आयोगको तथ्याङ्क उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले १३ करोड ३० लाखभन्दा बढी नाम मतदाता सूचीको मस्यौदाबाट हटाइएको जनाएका छन्। हटाइएका नाममा दोहोरो विवरण तथा मृत्यु भएका व्यक्तिका नामसमेत छन्। अन्तिम सूची प्रकाशित भएपछि मात्र वास्तविक सङ्ख्या स्पष्ट हुनेछ।

यस विषयमा हजारौं मानिस प्रदर्शनमा सहभागी भएका छन्। विपक्षी काङ्ग्रेस पार्टीले राहुल गान्धीको नेतृत्वमा नयाँदिल्लीमा प्रदर्शन गरेको छ। युवाहरूको नेतृत्वमा रहेको सीजेपीले पनि थप प्रदर्शनको आह्वान गरेको छ।

बैसठ्ठी वर्षीय ज्ञानेश कुमारले सन् २०२५ फेब्रुअरीमा निर्वाचन आयोगको प्रमुखका रूपमा जिम्मेवारी सम्हाल्नुभएको हो। मतदाता सूची संशोधनको विषय सर्वोच्च अदालतमा समेत पुगेको छ। अदालतले सरकार र निर्वाचन आयोगसँग स्पष्टीकरण मागेको छ भने यससम्बन्धी अर्को सुनुवाइ आगामी साता हुने तय भएको छ।

# मधेसमा विद्युत् चुहावट घट्दै, दुई महिनामा २० करोडभन्दा बढी बक्यौता असुली

जनकपुरधाम, २२ असोज (रासस)।

पछिल्ला केही वर्षयता मधेस प्रदेशमा विद्युत् चुहावट निरन्तर घट्दै गएको छ।

विद्युत् चुहावट नियन्त्रण अभियान, हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेका मिटर परिवर्तन तथा विद्युत् रिडिङमा सुधारलगायतका कारण चुहावट घट्दै गएको नेपाल विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालयले जनाएको छ।

सो कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामा गत आव २०८२/८३ को सोही अवधिको तुलनामा विद्युत् चुहावट १ दशमलव ६१ प्रतिशतले घटेको छ।

गत आवको साउन र भदौमा २२ दशमलव ५६ प्रतिशत विद्युत् चुहावट भएकामा चालु आवको सोही अवधिमा २० दशमलव ९५ प्रतिशतमा झरेको हो।

चालु आवको साउनमा २० दशमलव ०९ प्रतिशत र भदौमा २१ दशमलव ७६ प्रतिशत विद्युत् चुहावट भएको कार्यालयले जनाएको छ। गत आवको साउनमा २५ दशमलव ६७ प्रतिशत र भदौमा २३ दशमलव ५२ प्रतिशत चुहावट भएको थियो।

सबैभन्दा कम बाराको सिमरा वितरण केन्द्रमा २ दशमलव ९४ प्रतिशत चुहावट भएको छ भने सबैभन्दा बढी रौतहटको मौलापुर वितरण केन्द्रमा ४७ दशमलव ७७ प्रतिशत विद्युत् चुहावट भएको प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका प्रमुख इन्जिनियर शम्भु कुसियैतले जानकारी दिनुभयो।

प्रमुख कुसियैतका अनुसार विद्युत् चुहावटका दृष्टिले रौतहटको मौलापुर र गौर क्षेत्र तथा सर्लाहीको मलङ्गवालगायत क्षेत्रमा समस्या बढी देखिएको छ। औद्योगिक ग्राहकको सङ्ख्या धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रमा भने विद्युत् चुहावट तुलनात्मक रूपमा कम रहेको उहाँले बताउनुभयो।

चालु आवको पहिलो दुई महिनामा विद्युत् महसुल नतिर्ने आठ हजार ७८२ ग्राहकको लाइन काटिएको छ। लाइन काटिएकामध्ये आठ हजार २३४ ग्राहकले पुनःविद्युत् जडान गराएका छन्। उहाँहरूबाट रु २० करोड नौ लाख ७७हजार बक्यौता असुल भएको प्राधिकरणले जनाएको छ।

मिटर लिएर विद्युत् उपभोग गर्ने तर लामो समयसम्म महसुल नतिर्ने प्रवृत्ति बढेकाले लाइन काट्ने अभियान सञ्चालन गरिएको प्रमुख कुसियैतले बताउनुभयो। गत आवमा ४२ हजार ६६४ ग्राहकको लाइन काट्दा रु एक अर्ब ४७ लाख बक्यौता असुल भएको थियो।

मधेस प्रदेशमा ५९ प्रतिशत औद्योगिक र ३१ प्रतिशत घरेलु ग्राहक रहेको प्राधिकरणले जनाएको छ। मधेस प्रदेशका ९९ दशमलव ९९ प्रतिशत घरधुरीमा विद्युत् सेवा पुगेको र बाँकी क्षेत्रमासमेत निरन्तर विद्युत् जडानको काम भइरहेको प्रमुख कुसियैतले बताउनुभयो। मधेस प्रदेशका जिल्लामा करिब १० प्रतिशत सिँचाइको विद्युतीकरण भएको जनाएको छ।

# डिजिटल माध्यमबाट विद्युत् महसुल तिर्न मन्त्री श्रेष्ठको अपिल

काठमाडौँ, २२ असोज (रासस)।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले डिजिटल माध्यमबाट विद्युत् महसुल तिर्न अपिल गर्नुभएको छ।

अहिलेको डिजिटल युगमा अझै पनि ७३ प्रतिशत नागरिकले भौतिक रुपमा काउन्टरमा गएर महसुस तिर्ने गरेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै मन्त्री श्रेष्ठले यो अवस्थालाई सबै मिलेर परिवर्तन गर्नुपर्नेमा जोड दिनुभएको छ। यसका लागि सचेत नागरिकको सहयोगको खाँचो रहेको उहाँले बताउनुभयो।

डिजिटल भुक्तानीले नागरिकको समय र आवतजावतको खर्च बचत हुने, नगद कारोबार घट्दा वित्तीय पारदर्शिता र सुरक्षा बढ्ने मन्त्री श्रेष्ठको भनाइ छ। साथै, काउन्टर सञ्चालनमा लाग्ने स्रोत र जनशक्तिलाई अन्य आवश्यक ग्राहक सेवामा सदुपयोग गर्न सकिने उहाँले उल्लेख गर्नुभयो।

**काउन्टर सञ्चालनमै ५९ करोड ७९ लाख खर्च**

मन्त्री श्रेष्ठकाअनुसार विद्युत् महसुल तिर्ने करिब ७३ प्रतिशत नागरिक भौतिक रूपमा काउन्टरमै पुग्छन्। भौतिक रुपमा आउने नागरिकका लागि सञ्चालित महसुल सङ्कलन काउन्टरको खर्चमात्रै वार्षिक करिब रु ५९ करोड ७९ लाख छ। मन्त्री श्रेष्ठले डिजिटल भुक्तानीबाट यो खर्च बचत हुने र उक्त जनशक्तिलाई अन्य काममा लगाउन सकिने धारणा राख्नुभयो।

नेपाल विद्युत् प्राधिकरणका १२९ वितरण केन्द्रअन्तर्गतका शाखामा हाल ६५५ महसुल सङ्कलन काउन्टर सञ्चालनमा छन्। यी काउन्टर सञ्चालनमा मात्र वार्षिक करोडौँ खर्च हुन्छ। "अझै पनि ठूलो सङ्ख्यामा नागरिक काउन्टरमै पुग्नुपर्ने अवस्थालाई अब हामी सबै मिलेर परिवर्तन गर्न सक्छौँ। डिजिटल भुक्तानी गर्दा नागरिकको समय र आवतजावतको खर्च बचत हुन्छ। नगद कारोबार घट्दा वित्तीय पारदर्शिता र सुरक्षा बढ्छ। साथै, काउन्टर सञ्चालनमा लाग्ने स्रोत र जनशक्तिलाई अन्य आवश्यक ग्राहक सेवामा सदुपयोग गर्न सकिन्छ", मन्त्री श्रेष्ठले भन्नुभएको छ।

त्यसैले आफ्नो परिवार, इष्टमित्र, छरछिमेकी तथा आफूले चिनेका नागरिकलाई डिजिटल भुक्तानीबारे जानकारी दिन, सिकाउन प्रोत्साहित गर्न मन्त्री श्रेष्ठले अपिल गर्नुभएको छ। उहाँले सम्भव भएसम्म बिहीबारदेखि डिजिटल माध्यमबाट विद्युत् महसुल तिर्न सहयोग गर्न पनि अपिल गर्नुभएको छ।

"विशेषगरी डिजिटल भुक्तानी गर्न नजान्ने बुबाआमा, ज्येष्ठ नागरिक तथा आफन्तलाई एकपटक सिकाइदिनुहोस्। तपाईंले दिएको केही मिनेटको समयले उहाँहरूको हरेक महिनाको समय बचाउन सक्छ," उहाँले भन्नुभएको छ, "यो केवल डिजिटल भुक्तानी बढाउने अभियान होइन। यो नागरिकको समय बचाउने, सेवा सहज बनाउने, वित्तीय पारदर्शिता बढाउने र सार्वजनिक स्रोतको अझ प्रभावकारी सदुपयोग गर्ने साझा अभियान हो। आज एक जनालाई डिजिटल भुक्तानी सिकाऔँ। भोलि उहाँले अर्को एक जनालाई सिकाउनुहुनेछ।"

# प्रधानमन्त्री शाहको चासोपछि वायुसेवा कम्पनी भाडादर घटाउन तयार

काठमाडौँ, २२ असोज (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशन र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गणेश)को सक्रियतापछि आन्तरिक वायुसेवा कम्पनीहरू स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री वितरण गर्न सहमत भएका छन्।

नजिकिँदो चाडपर्वको मौका छोपेर हवाई भाडादर बढाएको भन्ने गुनासो आएपछि प्रधानमन्त्री शाहले यसबारे चासो देखाउनुभएको थियो। त्यसपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले बिहीबार सम्बन्धित आन्तरिक वायुसेवा कम्पनीका पदाधिकारी तथा प्रतिनिधिसँग छलफल गरेको हो। उक्त छलफलपछि स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री वितरण गर्ने/गराउने विषयमा वायुसेवा कम्पनीहरू सहमत भएका क्यानले जनाएको छ।

क्यानका महानिर्देशक मुकेश डङ्गोलका अनुसार स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्रीवितरण गर्ने र सो भाडादरबारे सूचना सम्बन्धित कम्पनीको बिक्री वितरण प्लेटफर्ममा प्रकाशन गर्ने सहमति भएको छ।

## शुभकामना ...

पत्रकार महासंघ शाखा सप्तरीकी उपाध्यक्ष सुधा देव, समाजसेवी दुर्गानन्द झा, विजय साहलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

वक्ताहरूले भौतिक शरीरसँगै आत्मालाई बुझ्न र आत्मचिन्तन गर्न आवश्यक रहेको उल्लेख गर्दै 'ॐ शान्ति'को सन्देशले व्यक्तिलाई आफ्नो कर्तव्यबोध गराउनुका साथै समाजमा सकारात्मक परिवर्तनका लागि प्रेरणा दिने धारणा व्यक्त गरे।

आध्यात्मिक चिन्तन, आत्मबोध र सकारात्मक सोचले व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने वक्ताहरुको भनाई थियो।

## 'पत्रकारिता ...

पत्रकारिता कमजोर हुँदा नागरिकको आवाजसमेत कमजोर हुने उल्लेख गर्दै उहाँले सञ्चारमाध्यम संरक्षणका लागि राज्यले उपयुक्त नीति ल्याउनुपर्ने बताउनुभयो।

महोत्तरीको मटिहानी नगरपालिकाका नगरप्रमुख हरि मण्डलले पत्रकारितामा बढ्दै गएको विकृति रोक्न महासङ्घको नेतृत्व गम्भीर हुनुपर्ने बताउनुभयो। आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जितेन्द्र खड्गाले पत्रकारिताको विकासप्रति सरकार गम्भीर बन्न नसकेको बताउनुभयो। सञ्चारमाध्यमका लागि विनियोजित बजेट न्यून रहेको र त्यसमाथि पनि कटौती गर्ने प्रयास भइरहेको उहाँको भनाइ थियो।

कार्यक्रममा महावीर युवा क्लब जनकपुरधामद्वारा स्थापित सहिद पत्रकार उमा सिंह पत्रकारिता पुरस्कार पत्रकार रिङ्कुकुमारी मिश्र 'गायत्री'लाई प्रदान गरिएको थियो।

# आन्दोलनरत चिकित्सकसँग शिक्षा मन्त्रालयको छलफल

काठमाडौँ, २२ असोज (रासस)।

वीरगञ्जस्थित नेशनल मेडिकल कलेजका रेजिडेन्ट चिकित्सकहरूले आफूहरूले भोग्दै आएका समस्या समाधानका लागि सरकारसँग विशेष पहल गर्न आग्रह गरेका छन्। विगत २४ दिनदेखि आन्दोलनरत रेजिडेन्ट चिकित्सकहरूले मङ्गलबार सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालय पुगेर आफ्ना गुनासा र माग प्रस्तुत गरेका हुन्।

मन्त्रालयमा आयोजित छलफलमा पहिलो वर्षमा अध्ययनरत ४० भन्दाबढी रेजिडेन्ट चिकित्सकले कलेजमा अध्ययन तथा काम गर्ने क्रममा भोग्दै आएका समस्या मन्त्रालयका उच्च अधिकारीसमक्ष राखेका थिए। रेजिडेन्ट चिकित्सकले कलेज व्यवस्थापनबाट विद्यार्थीलाई अनावश्यक दबाब दिइएको र अध्ययनका लागि आवश्यक शैक्षिक वातावरण नरहेको आरोप लगाएका छन्।

उनीहरूले कलेजमा शान्तिपूर्ण र मर्यादित वातावरण निर्माण गरी अध्ययनमा फर्कने अवस्था बनाउन सरकारसँग आग्रह गरेका छन्।

छलफलमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झासहित मन्त्रालयका उच्च अधिकारी सहभागी थिए। रेजिडेन्ट चिकित्सकले आफूहरू सरकारप्रति आशावादी रहेकाले समस्या समाधानको पहलका लागि मन्त्रालयसम्म आएको बताएका छन्।

"यो सरकारसँग आशा छ, त्यही भएर यहाँसम्म आएका हौँ," उहाँहरूले भन्नुभयो।

निजी मेडिकल कलेजमा 'फेक फाइल' र 'फेक फ्याकल्टी' रहेको दाबी गर्दै त्यसबारे छानबिन गर्न चिकित्सकले माग गरेका छन्। त्यस्ता गतिविधिमा संलग्न चिकित्सक तथा सम्बन्धित व्यक्तिमाथि आवश्यक कारबाही गर्नुपर्ने उहाँहरूको माग छ।

आन्दोलनरत चिकित्सकले कलेजमा तत्काल फर्किएर अध्ययन गर्ने वातावरण नरहेको बताएका छन्। समस्या सम्बोधन नभएसम्म आन्दोलन जारी रहने उहाँहरुको भनाइ छ।

मन्त्रालयले रेजिडेन्ट चिकित्सकले उठाएका विषयमा आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको छ। शिक्षामन्त्रीका प्रमुख सल्लाहकार झाले रेजिडेन्ट चिकित्सकका वास्तविक समस्या जान्ने उद्देश्यले छलफल गरिएको बताउनुभयो।

"यो विषयमा सरकार गम्भीर छ। शिक्षामन्त्रीले पनि गम्भीरताका साथ यसलाई हेर्नुभएको छ। हामी यथाशिघ्र यसलाई सम्बोधन गर्छौं," उहाँले भन्नुभयो।

कलेजमा देखिएका समस्या समाधानका लागि सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक कदम चाल्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। रेजिडेन्ट चिकित्सकले भने सरकारको पहलबाट आफूहरूको समस्या समाधान हुने र कलेजमा पुनः शान्तिपूर्ण रूपमा अध्ययन गर्ने वातावरण बन्ने अपेक्षा गरेका छन्।

त्यस्तै, चिकित्सा शिक्षा आयोगका उपसचिव रामचन्द्र शर्माले विद्यार्थीको समस्यालाई लिएर आयोग गम्भीर रहेको र यसको समाधानका लागि आवश्यक पहल गर्ने बताउनुभएको छ।


नेपाल सरकार

भूमि व्यवस्था सहकारी सङ्घीय नामिला तथा सामान्य प्रशासन मन्त्रालय — फोन नं: ०३१-५२००४५

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय, राजविराज

सप्तरी

पत्र संख्या :

चलानी नम्बर :

प्राप्त पत्र संख्या र मिति :

मिति : २०८३/५/१६

विषय : नाम घरेको ३५ दिने सार्वजनिक सुचना।

जिल्ला सप्तरी गा.वि.स./न.पा. कुटकी हाल परिवर्तित राजगढ गा.पा./न.पा. वडा नं. ९ बस्ने [illegible] नाउँमा नम्बरी दर्ता रहेको तपसिल बमोजिम जग्गा नामसारी श्रेस्ता कायम [illegible] पाउँ भनी निवेदन दिएको हुनाले सर्वसाधारणको जानकारीको लागि यो [illegible] दिने सुचना प्रकाशित गर्ने काम भएको छ, लेखिएको जग्गाहरु कसैको हकभोगको वा निवेदक बाहेकको अंश आपुतिली परेको ऐलानी वा सार्वजनिक, टार, बंगर, गौचर, समसानघाट प्रति ईत्यादी भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफुसँग रहेको सबुद प्रमाण साथ लिई उजुर गर्न आउनु होला, तोकिएको म्याद भित्र उजुर गर्न नआएमा निवेदकको माँग बमोजिम भै जाने छ। पछि तपाईको उजुर लाग्ने छैन।

तपसिल

| न.पा./गा.वि.स.को नाम | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक जग्गा धनी | कैफियत |
|---|---|---|---|---|---|
| कुटकी | २क | ६२२ | ०-२-१५ | [illegible] | [illegible] |
| कुटकी | २क | १३६६ | ०-५-१० | ,, | [illegible] |
| ,, | २क | १४०८ | ०-६-१९ १/४ | ,, | [illegible] |
| ,, | २क | १४०६ | ०-२-११ ३/४ | ,, | [illegible] |



**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर

**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*